नेपाली

Vol.43 | 2024.09

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



# फुरुहामा बिच भलिबल कोर्ट निःशुल्क खुला गरिने दिन

**बिच भलिबल कोर्ट निःशुल्क खुला गरिनेछ। बिच भलिबल आदिका उपकरणहरू पनि निःशुल्क प्रयोग गर्न दिइनेछ।**



- 🕒 2024 साल अक्टोबर 1 तारिख (मंगलबार), 6 तारिख (आइतबार), 22 तारिख (मंगलबार)
  मंगलबार 1:00 pm~7:00 pm
  आइतबार 10:00 am~4:00 pm
- 📍 ओमोरी फुरुसातो-नो-हामाबे पार्क बिच भलिबल कोर्ट
  (ओता सहर ओमोरी हिगासी 1-37-1)
- 👛 निःशुल्क
- 👤 स्थिति अनुसार मान्छेको संख्या सीमित गरिने अवस्थाहरू हुन सक्छ।
- 📄 आवेदन दिनु पर्दैन।
- 📞 सार्वजनिक हितकारी संघ ओता सहर खेलकुद संघ
  ☎ 03-5748-5400 FAX 03-6410-6955
  E-mail：info@sports-ota.or.jp

## ■ सहरवासी खेलकुद माचुरी

व्यापक रूपमा सबै सहरवासीको खेलकुद प्रतिको चासो र बुझाइलाई गहिराउन र यस प्रयासप्रतिको उत्सुकता बढाउनको लागि "खेलकुदको दिन" मा सहर भित्रका विभिन्न ठाउँहरूमा थरिथरिका खेलकुद तथा मनोरञ्जनात्मक इभेन्टहरूको आयोजना गरिनेछ।

- 🕒 2024 साल अक्टोबर 14 तारिख (सोमबार र सार्वजनिक बिदाको दिन)
- 📍 सहर भित्रका खेलकुदका सुविधाहरू, पार्क, विद्यालय आदि
- 👛 निःशुल्क
- 📄 सामान्यतया अग्रिम रूपमा आवेदन दिनुपर्दैन। तर केही अग्रिम रूपमा आवेदन दिनुपर्ने कुराहरू पनि छन्।
- 💻 विस्तृत जानकारीको लागि वेबसाइट हेर्नुहोस्।
- 📞 सार्वजनिक हितकारी संघ ओता सहर खेलकुद संघ
  ☎ 03-5748-5400 FAX 03-6410-6955
  E-mail：info@sports-ota.or.jp

🕒 ···· कहिले 👛 ···· रकम 👤 ···· कति जना 📍 ···· कहाँ 📄 ···· आवेदन दिने तरिका 💻 ···· आवेदन दिने ठाउँ 📞 ···· सम्पर्क

## ■ फ्ल्याट रकम कर कटौतीको पूरक अनुदान रकम (समायोजन अनुदान रकम) सम्बन्धी जानकारी

जुन महिनामा फ्ल्याट रकम कर कटौती सुरु भयो। कर भुक्तानी रकम फ्ल्याट रकम कर कटौतीको लागि योग्य नहुने अनुमान गरिएका व्यक्तिहरूलाई सहरले भिन्नता रकम अनुदान दिनेछ। रकम प्राप्त गर्नको लागि आवेदन दिनुपर्नेछ।

- दायरामा पर्ने व्यक्तिहरू: आय कर अथवा व्यक्तिगत निवासी करको आयकर अंशको रकम फ्ल्याट रकम कर कटौतीको लागि योग्य नहुने अनुमान गरिएको व्यक्तिहरू।
- भुक्तानी रकम: आय कर तथा व्यक्तिगत निवासी करको आयकर अंश प्रत्येकमा फ्ल्याट रकम कर कटौती गर्न नसकिने रकमको हिसाब गरी, दुबैको कुल रकमलाई 10,000 येन एकाइमा राउन्ड अप गरिएको रकम भुक्तानी गरिनेछ।

*विस्तृत जानकारीको लागि सहरको वेबसाइट हेर्नुहोस्।

दायरामा पर्ने व्यक्तिहरूलाई सहरबाट "निश्चयपत्र" पठाइने हुनाले, निश्चयपत्र र आवश्यक कागजात फिर्ता पठाउनुहोस्।

समायोजन अनुदान रकम कल सेन्टर
☎ 0120-785-804

## ■ "सुरक्षित तरिकामा साइकल प्रयोग गर्दा पालना गर्नुपर्ने पाँच नियमहरू" को पालना गरौं

1. सामान्यतया सवारी मार्गमाको बायाँ पट्टी चलाउने।
   केही तोकिएका ठाउँहरूमा मात्र पैदल मार्गमा चलाउने र पैदल यात्रीलाई प्राथमिकता दिने।
2. दुई वा सोभन्दा धेरै बाटोहरूको मिलन भएको चोक आदिमा ट्राफिक लाइटको पालना गर्ने र एक पटक रोकेर सुरक्षा निश्चय गर्ने।
3. राती लाइट बाल्ने।
4. मदिरा सेवन गरेर चलाउन निषेध गरिएको छ।
5. हेल्मेट लगाउने।

शहरी पूर्वाधार विकास व्यवस्थापन शाखा
☎ 03-5744-1315 FAX 03-5744-1527


©Ota City

## ■ साइकल आदि त्यतिकै छोड्ने र त्यस्ता साइकलहरू हटाउनेबारे

छोटो समय रोकेर राख्ने बेलामा पनि साइकल पार्किङको प्रयोग गर्नुहोस्।

ओता सहरको नियम अनुसार हामीले सार्वजनिक स्थल (सडक वा पार्क, स्टेसन अगाडिको खुला ठाउँ जस्ता साइकल पार्किङ बाहेकका ठाउँहरू) मा साइकल नराख्नुहुन अनुरोध गर्दै आइरहेका छौं। ओता सहरले सहरको नियम अनुसार स्टेसन अगाडिको केही स्थानलाई साइकल छोड्न निषेध इलाकाको रूपमा तोकी, त्यस्ता इलाकाहरूमा राखिएका साइकलहरू नियमित रूपमा हटाउने गरिरहेको छ। हटाइएका साइकलहरूलाई 30 दिनको अवधि भण्डारण केन्द्रमा राखिनेछ। भण्डारण म्याद बितिसकेको साइकललाई नष्ट गरिने हुनाले ध्यान दिनुहोस्। नियम र मर्यादाको पालना गरी त्यतिकै छोडिएका साइकलहरू नभएको सुरक्षित सहर बनाऔं।

शहरी पूर्वाधार विकास व्यवस्थापन शाखा
☎ 03-5744-1390
FAX 03-5744-1527

(साइकल आदि त्यतिकै छोड्न निषेध)

(त्यतिकै छोडिएको साइकल आदि भण्डारण केन्द्र)

## 2025 साल अप्रिलदेखिको नर्सरी स्कुलमा भर्नाको लागि आवेदन तथा परामर्श

[स्वीकृति प्राप्त नर्सरी स्कुलमा भर्नाको लागि आवेदन]

●दायरामा पर्ने व्यक्तिहरू

अभिभावकको काम (यसमा काम खोजिरहेको व्यक्ति पनि पर्नेछ), रोग, प्रसूति, नर्सिङ केयर वा बिरामीको हेरचाह, अध्ययन जस्ता कारणले गर्दा घरमा हेरचाह गर्न नसकिने अवस्था भएका शिशुहरू

●आवश्यक कागजात वितरण

आर्थिक वर्ष 2025 साल संस्करणको "नर्सरी भर्ना सम्बन्धी पुस्तिका" र आवेदनको लागि आवश्यक फारामहरू सेप्टेम्बर 25 तारिख (बुधबार) देखि आवेदन स्थलहरूमा वितरण गरिनेछ। विदेशी नागरिकहरूको बसोबास योग्यता (भिसा) निश्चय गरिनेछ।

●बिदाको दिन काउन्टर खुला रहने समय

नोभेम्बर 3 तारिख (आइतबार) 9:00 am~4:00 pm सम्म, आवेदन दिने ठाउँमा नाम लेखाउनुहोस्।

2024 साल अक्टोबर 1 तारिख (मंगलबार)~नोभेम्बर 29 तारिख (शुक्रबार)

शिशु स्याहार सेवा शाखा　शिशु स्याहार सेवा प्रयोग सहायक कर्मचारी (ओता सहर कामाता 5-13-14　3F 21 नम्बर काउन्टर)

आवेदन दिने ठाउँमा आवश्यक कागजातहरू लिएर आउनुहोस्।

☎ 03-5744-1280
FAX 03-5744-1715



©Ota City

## उच्च शिक्षाको लागि विश्वविद्यालय आदिमा प्रवेश गर्ने विद्यार्थीहरूको लागि छात्रवृत्ति आवेदन खुला

अनुदान ढाँचा र ऋण ढाँचा दुबैको लागि एक वर्ष अघिदेखि ओता सहरमा बसोबास गरिरहेका अभिभावकको आश्रित हुनुपर्छ। विस्तृत जानकारीको लागि सम्पर्क गर्नुहोस्।

सेप्टेम्बरको सुरु तिरदेखि नोभेम्बरको सुरु तिरसम्म

**अनुदान ढाँचा** 150,000 येन (उच्च शिक्षाको लागि जानु अघि एकमुष्ट भुक्तानी)

**ऋण ढाँचा** राष्ट्रिय तथा सार्वजनिक: मासिक 35,000 येनसम्म　निजी: मासिक 44,000 येनसम्म

कल्याण व्यवस्थापन शाखा
☎ 03-5744-1245
FAX 03-5744-1520

## क्षयरोग नामक रोगबाट जोगिनको लागि स्वास्थ्य परीक्षणमा छातीको एक्स-रे जाँच गराउनुहोस्।

क्षयरोग भनेको शरीर भित्र क्षयरोगको ब्याक्टेरिया पसेको कारण हुने रोग हो।
केही वर्ष यता विदेशमा जन्म भएका युवाहरूमा यो रोग बढिरहेको छ।
20-29 उमेरका नयाँ बिरामीहरू मध्येका 75% विदेशमा जन्म भएका बिरामीहरू रहेका छन्।
प्रारम्भिक चरणमा पत्ता लगाउनको लागि नियमित रूपमा छातीको एक्स-रे जाँच गराउनुहोस्।
2 हप्ता भन्दा बढी निरन्तर खोकी, खकार, ज्वरो जस्ता लक्षणहरू देखिएको खण्डमा स्वास्थ्य संस्थामा जाँच गराउनुहोस्।
विस्तृत जानकारीको लागि वेबसाइट हेर्नुहोस्।

संक्रामक रोग रोकथाम शाखा, संक्रामक रोग रोकथाम कर्मचारी
☎ 03-4446-2643
FAX 03-5744-1524



## "जापानी भाषामा प्रेजेन्टेसन"

जापानी भाषा अध्ययन गर्नुहुने विदेशी नागरिकहरू! के तपाईं फोटो वा भिडियो प्रयोग गरेर जापानी भाषामा आफ्नो भावना व्यक्त गर्न चाहनुहुन्छ?

◆ आवेदनको लागि योग्यता: जापानी भाषा मातृभाषा नभएका, निम्न मध्ये कुनै एकमा पर्ने व्यक्तिहरू

- ओता सहरमा बसोबास गरिरहेको व्यक्ति
- ओता सहरमा अध्ययन गरिरहेको व्यक्ति
- ओता सहरमा काम गरिरहेको व्यक्ति

◆ बोल्ने समय, प्रति व्यक्ति 5 मिनेट जति रहेको छ।

◆ उदाहरणको लागि निम्न विषयहरूमा बोल्न सकिन्छ।

- जापान अथवा ओता सहरमा जीवनयापन गर्दा महसुस गरेको कुरा
- जापानको मन पर्ने कुरा र मन नपर्ने कुरा
- जापान र मातृभूमिको भिन्नता
- जापानमा आएर गर्न चाहने कुरा
- जापानमा भोगेका समस्याहरू (जापानी नागरिकहरूले सहयोग गरिदिए हुन्थ्यो जस्तो लागेको कुरा)　आदि



2024 साल नोभेम्बर 17 तारिख (आइतबार)
1:30 pm~4:30 pm

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
(ओता सहर कामाता 4-16-8 2F)

निःशुल्क

10 जना

विस्तृत जानकारीको लागि वेबसाइट हेरी निश्चय गर्नुहोस्।

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981
FAX 03-6410-7982
E-mail：mail@ota-goca.or.jp

## हानेदा विमानस्थल "SORANOHI (आकाशको दिन)" फेस्टिबल 2024

सबैले विमानस्थललाई अझ आफू निजिक महसुस गरून भन्ने उद्देश्यले "SORANOHI (आकाशको दिन)" को अवसरमा इभेन्टको आयोजना गरिनेछ। उड्डयन उद्योगका साथै अन्य कम्पनीहरूका विभिन्न कार्यक्रमहरूको मज्जा लिन सकिन्छ।
यो अवसरमा अवश्य पनि परिवार र साथीहरूसँग हानेदा विमानस्थलमा आउनुहोस्।

2024 साल सेप्टेम्बर 28 तारिख (शनिबार)10:00 am~4:00 pm

- हानेदा विमानस्थल यात्रु टर्मिनल भवन 1, 2 र 3
- HANEDA AIRPORT GARDEN (ओता सहर हानेदा विमानस्थल 2-7-1)

निःशुल्क प्रवेश

प्रवेश सीमा छैन

उद्योग प्रवर्द्धन शाखा　उद्योग प्रवर्द्धन कर्मचारी
☎ 03-5744-1322
FAX 03-6424-8233
E-mail：kanko@city.ota.tokyo.jp



©Ota City

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।


प्रकाशन　ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
ठेगाना　〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227　FAX 03-5744-1323


▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶